# 3 पूर्णता प्राप्त गरिएको सृष्टि

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* उत्पत्ति १, भजन ८:३, रोमी ८:१९-२२, लैब्य ११:१४-२२, उत्पत्ति २:१-३, मर्कूस २:२८।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"सम्पूर्ण सृष्टिका काम परमेश्वरले छ दिनमा सम्पन्न गरि सकिसक्नु भयो र अनि सातौं दिन आइपुग्यो। अनि सातौं दिनको दिनमा आफ्ना सबै कामबाट विश्राम लिनुभयो। (उत्पत्ति २:२ रूपान्तरित)।**

**सृष्टिका अन्तिम तिन दिनहरू र शबाथ वा विश्राम दिनको बारेमा यस अध्यायले छोटकरीमा समिक्षा गरिनेछ।** यस अध्यायमा गरिने वयान उत्पत्ति १ र २:१-३मा पाउँछ। तर ती विषयको बारेमा हामीलाई ज्ञान दिन बाइबलका अरू पुस्तकहरूमा पनि धेरै पदहरूद्वारा सम्बोधन गरिएको हामी पाउँछौं। दिनलाई विभाजित गरेर जुन् सृष्टिको काम गरियो त्यो अत्यन्त रोचक र प्रभावकारी छन्। सात दिन मिलाएर एक हप्ता भनिने विश्वमा चलनचल्तिमा आएको समय परमेश्वरले किन चुन्नुभयो?

ठ्याक्कै गरि बाइबलले त्यस जिज्ञासको उत्तर दिएको हामी पाउँदैनौं। तर त्यस जिज्ञासाको उत्तर केहि हदमा पाइएको आभासलाई हामी नकार्न सक्दैनौं। सब्बथ दिनको रहस्यले त्यस जिज्ञासाको सुराक हामीलाई उपलब्ध गराएको छ। शाबथ वा हप्ताको सातौं दिन अर्थात् शनिवारको दिन त्यो विशेष दिन हो जुन दिनमा परमेश्वर र मानिसको बीचमा भएको नातालाई नविकरण गरिन्छ। मानव जातिको वीचमा साझा कार्य गर्न पनि परमेश्वरले त्यस दिन स्थापना गर्नुभएको हुनसक्छ। तर परमेश्वरसँग नजिक हुन र उहाँसँगको सम्बन्धलाई जारी राख्न सृष्टिका सम्पूर्ण कार्य सम्पन्न गरि हप्ताको सातौं दिन उहाँले अलग राख्नु भएको थियो। (मर्कूस २:२८ पढ्नुहोस्)। यस पृथ्वी र जगतका

सच्चा सृष्टिकर्ता वा प्रवर्तक परमप्रभु परमेश्वर नै हुनुहुन्छ भनेर निरन्तररूपमा सम्झना गराउन शाबथलाई छुट्याउनुभएको थियो। सारा जीवनको स्रोत र वरदान उहाँ नै हुनुहुन्छ र हामी पूर्णरूपमा उहाँमा निर्भरछौं भनेर प्रमाणित गर्न पनि शबाथ दिनको उपहार हामीलाई दिएको हो।

जुन कारणले शाबथ दिन दिइएतापनि उत्पत्तिको पुस्तकले हामीलाई यो बताउँदछ कि सृष्टिको सम्पूर्ण काम उत्तम तरिकाले सम्पन्न गरिएको थियो र साथै अत्यन्त होशियारपूर्वक योजनावद्ध तरिकाले गरिएको थियो। अचानक कता कताबाट यस पृथ्वी र जगत वा मानव विज्ञानले गन्न नसकेको र देख्न नसकेको नक्षत्रहरू कसरी उत्पन्न भयो भन्ने विवादित धारणा बाइबलमा घुसेको पाइन्दैन।

## १. सूर्य, चन्द्रमा, तारा तथा नक्षत्रहरू (उत्पत्ति १:१४-१९)

**सृष्टिको चौठो दिनमा के भयो भनेर उत्पत्ति १:१४-१९ पढ्नुहोस्। चौठौ दिनमा सूर्य अर्थात् घामलाई किन सृष्टि गरियो? पहिलो दिनमै परमेश्वरले घामलाई किन सृष्टि गर्नुभएन? परमेश्वरको यस अचम्मको कामलाई हामीले कसरी बुझ्ने?**

छदिनलगाएर परमेश्वरले के के सृष्टि गर्नुभयो भनेर गरिने तर्कहरूमा चौठौं दिनको तर्कलाई वढि छलफल गरेको पाइन्छ। यदि चौठो दिनमा मात्र परमेश्वरले सूर्य वा घामलाई सृष्टि गर्नुभयो भने खास गरेर दिन र रात कसरी भयो त? घामले मात्र दिन र रात छुट्याउने होइन र? तर यदि सूर्य वा घाम पहिला नै थियो भने चौठो दिनमा साँच्चिकै के भयो त?

यस विवादस्पद जिज्ञासाका धेरै जवाफहरू हुन सक्छन्। पहिलो तर्क हामी यो प्रस्तुत गर्न सक्छौं: निःसन्देह वचनमा भनेको अनुसार परमेश्वरले चौठो दिनमा घाम वा सूर्यलाई सृष्टि गर्नुभयो तर प्रथम् तिन दिनहरूमा चाहिने ज्योति वा उज्यालोपना सुपरनोभा अर्थात् सूर्यभन्दा दश करोड गुणा उज्यालो वा उज्ज्वल वा तेज भएको स्थानबाट आएको हुनसक्छ। त्यो स्थान परमेश्वर रहने स्थान हो भनेर प्रकाश २१:२३ले

समर्थन जनाउँछ। परमेश्वरले पून सृष्टि गरिने नयाँ पृथ्वीमा सूर्य वा घामको जरुरत पर्दैन, किनभने त्यहाँ तेजस्विमय परमेश्वर आफै हुनुहुनेछ। अर्को सम्भाव्य जवाफ यो हुनसक्छः परमेश्वरले ती सूर्य, चन्द्रमा र ताराहरू पहिला नै सृष्टि गरिसक्नुभएको थियो तर चौठो दिनमा तिनीहरूको कामको अभिभारा त्यस दिनमा तिनीहरूलाई दिनुभएको थियो। भजन ८ः३ले त्यस तर्कलाई सकारेको देखिन्छ। हिब्रूभाषाको विद्वान सी. कलनको अनुसार उत्पत्ति १ः१४मा बयान गरिएको परमेश्वरको सृष्टिको सन्दर्भमा माथि उल्लेख गरेका ती दुवै तर्कहरूलाई समेतन सकिन्छ (सी. जोन कलिनस्, *जेनिसिस १-४ः अ लिन्गिवस्टिक, लिटरेरी, एण्ड थियोलोजिकल कमेन्टरी* (फिलसबर्ग, न्यु जर्सीः पी एण्ड आर पव्लिशिङ्ग कम्पनी, २००६), पृ, ५७)।

त्यहि सन्दर्भमा दोस्रो तर्कपनि प्रस्तुत गर्न सकिन्छः ती सूर्य, चन्द्रमा तारा आदिहरू पहिले नै सृष्टि गरिएकोले त्यहाँ थिए तर बादल वा ज्वालामुखीका धुलोहरूले तिनीहरूलाई ढाकिएका थिए र चौठो दिन नहुञ्जेल तिनीहरू देखा परेका थिएनन्। वर्तमान शुक्र ग्रहलाई हेर्दा त्यस तर्कलाई नकार्न नसकेको हुन सक्छ किनकि अहिले पनि त्यस ग्रहबाट त्यस्तै खालको धुलो छरिरहेको व ज्वालामुखी फुटिरहेको पाइन्छ।

माथि उल्लेख गरेका चौठो दिनका तिन दृष्टिकोणलाई न त स्पष्ट रूपमा समर्थन गरिएको पाइन्छ न त स्पष्ट रूपमा अश्विकार गरेको नै पाइन्छ। तर त्यसो भयो भन्दैमा त्यस विषयवस्तुको जोडदार तर्कहरूलाई पन्छाउन सकिन्दैन। हामीहरूको समजशक्ति वा ज्ञान सिमित छ भनेर हामीले स्वीकार गर्नै पर्छ। विशेष गरेर परमेश्वरले सम्पन्न गर्नुभएको सृष्टिको कामलाई लिएर हामी अल्पज्ञानको दायरामा छौं भन्ने स्थितिमा पुग्न त्यति गाऱ्हो छैन। जतिसुकै विज्ञानको प्रवेश यस संसारमा भएतापनि सृष्टिका कतिपय रहस्यमय विषयवस्तुहरू अझै पनि कायमै भएको कसले नकार्न सक्छ र? प्रयोगात्मक विज्ञानले अध्ययन गर्न ती सृष्टिका कामहरू छन् जुन अझै पनि रहस्यमय नै छन्। वर्तमान अवस्थामै कतिपय कुराहरू छिपिरहेकाछन् भने झन

बितेका समयमा लुकेका कति कुरा वा विषयवस्तु होलान्, के त्यो हामीले सोच्न सक्छौं?

## २. हावा, पानी र जन्तुजनावरहरूको सृष्टि (उत्पत्ति १:२०-२३)

**उत्पत्ति १:२०-२३मा यसरी लेखिएको छः "तब परमेश्वरले भन्नुभयो, पानीमा धेरै-धेरै प्राणीहरुले भरियोस्।" अनि पृथ्वीमाथि आकाशको फैलावटमा चरा चुरुङ्गीहरु उड्न थाले। यसर्थ परमेश्वरले सामुद्रिक ठूला-ठूला प्राणीहरु र पानीमा पौडिने विभिन्न प्रकारका जीव जन्तुहरु सृष्टि गर्नुभयो। परमेश्वरले आकाशमा उड्ने जाति-जातिका प्राणीहरु सृष्टि गर्नुभयो। पृथ्वीमा जलचर र थलचर विभिन्न प्रकारका प्राणीहरु परमेश्वरले सृष्टि गरी हेर्नु भयो र ती सबै असल लाग्यो। परमेश्वरले यी सबै प्राणीहरुलाई आशीर्वाद दिएर भन्नुभयो, पानीका प्राणीहरुले धेरै बच्चाहरु जन्माएर समुद्र भरियोस् अनि भूमिमा पनि चरा-चुरुङ्गीहरुले धेरै-धेरै बच्चाहरु जन्माएर पृथ्वी भरियोस्। त्यहाँ साँझ पऱ्यो र फेरि अर्को बिहान भयो। यो पाँचौ दिन थियो।"**

**आकाश र पानीमा परमेश्वरले अनगिन्ति थरिका प्राणीहरू अकस्मात् वा दैवसंजोगले सृष्टि गर्नुभयो भन्ने प्रमाणको आभास ती पदहरूले कसरी दिन्दछन्?**

सृष्टिको पाँचौं दिनमा वायु मण्डल वा आकाशमा विभिन्न चराहरू र समुद्रको पानीमा विभिन्न थरिका माछा आदिहरूले भरिएका थिए। सृष्टिको दोस्रो दिन र पाँचौं दिनको बीचमा केहि समानता छ भनेर धेरै विद्वानहरूले सोचेको पाइन्छ। दोस्रो दिनमा वायुमण्डलद्वारा पानीलाई अलग गरिएको थियो। अनि पाँचौं दिनमा ती दुवै वायुमण्डल र पानीमा विभिन्न जातका प्राणीहरूले भराइ दिएका थिए। अत्यन्त सुनियोजित ढंगले सृष्टिका गतिविधिहरू सञ्चालनमा आएको देखिन्छ। परमेश्वरले योजनावद्धरूपमा सिद्ध काम गर्नुभएको थियो भनेर त्यसले देखाउँदछ। अचानक, दैवसंजोग वा अप्रत्यासित रूपमा सृष्टिको कार्य सम्पन्न भएको थियो भन्ने तर्कलाई बाइबलले ठाउँ दिएको पाइन्दैन।

याद गर्नुहोस्, आकाशमा उड्ने चराहरू र समुद्रका जन्तु जनावरहरू प्रशस्तमात्रामा परमेश्वरको सम्बोधनमा देखा परेका थिए। पाँचौं दिनको सृष्टिमा धेरै थरिका प्राणीहरू सृष्टि भएका थिए भनेर बताउँदछ। प्रत्येक प्राणीले आफ्नै जात अनुसार जन्माउन र उपलब्धीमूलक हुन परमेश्वरले आशिष दिनुभएको थियो। एउटै थरिका जन्तुबाट सबै जन्तुहरू सृष्टि भएको थियो भन्ने धारणालाई बाइबलले सरासर नकारेको छ। तर प्रत्येक जातका प्राणीले आफ्नै खालका विभिन्न प्रकारका प्राणीहरू जन्माउने खूबी दिइएको थियो। उदाहरणमा, एउटै साधारण परेवाबाट ४०० थरिका परेवाहरू उत्पन्न भएका थिए। सुनौलो माछा पनि कमसेकम २७ थरिका छन् भनेर पत्ता लगाइएको छ। एउटै प्राणीबाट त्यहि खालका तर विभिन्न बचेराहरू जन्माउने खूबी परमेश्वरले दिनुभएको थियो भनेर स्पष्टरूपमा हामीलाई बाइबलले बताउँदछ। त्यसले गर्दा अनेकता र सुन्दरताले भरिएको सृष्टिमा रहनु घतलाग्दो हुन गएको छ।

आफूले सृष्टि गर्नुभएका सबै प्राणीहरूप्रति सन्तुष्ट भएर असलै भएको उच्चारण परमेश्वरले पद २१मा गर्नुभएको थियो। सुनियोजित तरिकाले सृष्टि गरिएको सृष्टिमा सौन्दर्यता थिए र सबै प्राणीहरूको स्थान यस पृथ्वीमा महत्त्वपूर्ण थिए भनेर त्यस पदले बताउँदछ। उड्ने प्राणीहरूमा चरा एक अत्यन्त सुन्दर जीवित प्राणी हो। चराहरू अनि सुन्दर छन् र योजनावद्ध तरिहाले सृष्टि भएका थिए। तिनीहरूका पखेटाहरू हलुका छन् तर बलियो र कडा छन्, यद्यपि लचिलो छन्। उडाउने पखेटाहरूलाई साना साना काँटाहरूले जोडिएका हुन्छन् तर ती बलिया काँटाहरू हलुका छन्। सास फेर्दा अक्सिजन वा प्राणवायु लिन हुने गरि चराका फोक्सो बनाइको बनाइएको छ। उड्नलाई चाहिने शक्तिशाली प्राणवायुको उर्जा चराको फोक्सोको रचनाले दिन्दछ। चराका हाडहरूमा पनि हावा भर्ने थैलीहरू भएकोले तिनीहरूलाई चाहने प्राणवायु भर्न सक्दछन्। त्यस थैलीमा भएका प्राणवायुले चरालाई उड्नमात्र सहायता गर्दैन त्यसलाई हलुका पनि पार्दछन्। त्यसले गर्दा चरालाई उड्न र आफ्नो उडाइमा नियन्त्रण गर्न सजिलो हुन जान्छ।

हो, चराहरू अचम्मतरिकाले सृष्टि भएका छन्। परमेश्वरको सिद्ध सृष्टिको योजना यदि हामी हेर्न चाहन्छौं भने चराहरूलाई हेरे पुग्छ।

**उपरोक्त कुराहरूलाई मनमा राखी मत्ती १०:२९-३१ पढ्नुहोस्। ती पदहरूबाट तपाईंले कस्तो सान्त्वना पाउन सक्नुहुन्छ?**

## ३. जमिनमा हिंड्ने जन्तुजनावर र मानवको सृष्टि (उत्पत्ति १:२४-३१)

पशु र मानिस जात छैठौं दिनमा परमेश्वरले सृष्टि गर्नुभयो भनेर उत्पत्ति १:२४-३१ले भन्दछ। सृष्टिका दिनहरूमा सृष्टि गरिएका थोकहरूसँग एक आपसमा सम्बन्ध भएको पाइन्छ। दोस्रो दिनसँग र पाँचौं दिन जोडिएको थियो भने तेस्रो दिनमा जमिन र समुद्र सृष्टि गरिन्दा ती छैठौं दिनलाई मध्य नजर राखेर सृष्टि गरिएको देखिन्छ। परमेश्वरले सिद्धरूपमा क्रमवद्ध तरिकाले सृष्टिका गतिविधिहरू अपनाएका थिए भन्दा मनासिवै भएको पाउँछौं। सिद्ध सुव्यवस्थितका स्रस्ता (लेखक) परमेश्वर हुनुहुन्छ। (हेर्नुहोस् १ कोरन्थी १४:३३)।

जसरी पाँचौं दिनमा समुद्र र आकाशमा उड्ने प्राणीहरूलाई कुन रूपमा सृष्टि गरियो भनेर वाख्या गरेको छ त्यहि रूपमा छैठौं दिनको सृष्टिमा पनि वाख्या गरिएको छ। त्यस दिनमा परमेश्वरले धेरै थरिका जन्तुजनावरहरू सृष्टि गर्नुभएको थियो। विभिन्न खालका जङ्गली पशु, घर पालुवा गाईवस्तु र घस्रने जीवहरूलाई सृष्टि गरिएका थिए। एकै दिनमा जन्तुजनावरहरू सृष्टि गर्नुभएकोले तिनीहरू पनि कुनै एकै जनावरबाट विकसित भएर विभिन्न जनावरहरूको उत्पादन भयो भन्ने तर्कलाई बाइबलले सरासर अस्वीकार गर्दछ। बरू विशेष र विभिन्न समूहका जन्तुजनावरहरू परमेश्वरले नै सृष्टि गर्नुभएको थियो।

उत्पत्ति १:११,२१,२४,२५मा भनिएको "आआफ्नै जात वा किसिमका" भन्ने शब्दहरूलाई बीचार गर्नुहोस्। ती शब्दको अर्थ "अपरिवर्तित थरिका" भनेर बुझाएको हो भनेर कसै कसैले तर्क गर्न कोशिष गर्दछन्। त्यो तर्क ग्रीक वा युनानी सभ्यताको उपज हो। प्रत्येक व्यक्ति अपरिवर्तनीय आदर्शको सिद्ध नमुना हो भनेर बाइबल कालका ग्रीकहरूले विश्वास गर्दथे। अर्थात् कोहि पनि नबदलिने एकै

किसिम वा जातका प्राणी हुन् रे। तर सारा प्रकृति पापको श्रापले गर्दा कुनै पनि जात तथा किसिमका जीवहरू एउटै स्वभाव भएर बस्दैन भनेर बाइबलले स्वीकार गरेको पाइन्छ (रोमी ८:१९-२२)। जन्तुजनावरका जात वा किसिम बदलिएको हामीलाई थाहा छ। त्यसको सहि उदाहरण उत्पत्ति ३मा पाउँछौं। पापको श्रापले गर्दा यस धर्तीमा के भयो भनेर त्यहाँ देखाइएको छ। (एलेन जी ह्वाइटले यस पृथ्वीमा तिन खालका श्रापहरू परेका थिए भनेर भन्दछिन्-आदम र हब्बाले परमेश्वरको निर्देशन पालन नगर्दा भएको श्राप, कैनको पापले गर्दा भएको श्राप र महाजलप्रलयपछि आएको पाप)। अर्को ज्वलन्त उदाहरण हेर्ने हो भने खराब सूक्ष्म परिजीवि वा ब्याक्टेरिया र जङ्गलका डरलाग्दा पशुलाई लिन सकिन्छ। तिनीहरूले गर्दा यस संसारमा अनगिन्ति समस्या तथा कष्टहरू फैलिएको हुन्छ। "आफ्नै किसिमका र जातका" भनेर उल्लेख गरिएको के रहेछ भनेर सत्य अर्थ बुझ्न बाइबलका पूरा कथा पढे थाहा हुन्छ।

उत्पत्ति ६:२०, उत्पत्ति ७:१४ र लैब्यब्यवस्था ११:१४-२२ **पढ्नुहोस्। त्यहाँ उल्लेख गरेका आआफ्नै जात वा किसिमका"को शब्दको अर्थ कसरी बुझ्ने? त्यहाँ उल्लेख गरिएका उदाहरणहरूले उत्पत्ति १मा लेखिएका शब्दहरूलाई बुझ्न कसरी मद्दत पुऱ्याउँछ?**

"आआफ्नै किसिमको वा आआफ्नै जातको" भन्नुको अर्थ त्यहि स्वभावका जन्तुजनावरहरूको जन्म दिनु हो भनेको होइन। तर सृष्टिको सन्दर्भमा रचिएका विभिन्न कथाहरूमा भएका जीवजीवातहरूमा अनेक जात वा थरिका छन् भन्न खोजिएको हो। "विभिन्न थरिका वा प्रकार" भनेर कुनै कुनै बाइबलका अनुवादहरूमा दिएको अनुवाद अझ सहि हो भनेर देखाउँदछ। सृष्टिको सुरूदेखिनै विभिन्न प्रकार वा थरिका बोटबिरुवा र जन्तुजनावरहरू भएका थिए भनेर हामीलाई बुझाउन खोजेको पाइन्छ।

## ४. सिद्धिएको वा सम्पन्न भएको सृष्टिको काम (उत्पत्ति २:१-३)

अब सृष्टिका कामहरू छ दिनमा सकियो। (मानव सृष्टिको बारेमा हामी पछि पढ्नेछौं)। अनि प्रथम् पटक सातौं दिनको बारेमा बाइबलले सम्बोधन गरेको हामी पाउँछौं।

**उत्पत्ति** २:१-३मा लेखिएका पदहरूमा परमेश्वरले सम्पूर्ण सृष्टिको कार्य सम्पन्न भयो भनेर देखाएको पद १को बारेमा सोच्नुहोस्: **यसरी पृथ्वी, आकाश र तिनीहरुभित्र प्रत्येक वस्तुको सृष्टि पूरा भयो। 2 परमेश्वरले आफूले गर्दै गरेको काम पूरा गर्नुभयो। यसर्थ, सातौं दिनमा परमेश्वरले आफ्ना कामहरुबाट विश्राम लिनुभयो। 3 परमेश्वरले सातौं दिनलाई आशीर्वाद दिनुभयो र एउटा पवित्र दिन बनाउनु भयो, परमेश्वरले यस दिनलाई एक विशेष दिन मान्नुभयो कारण त्यस दिन उहाँले संसार सृष्टि गर्ने कार्यबाट विश्राम लिनु भयो।" हप्ताको सातौं दिन अर्थात् विश्रामबारको दिनको बारेमा उपरोक्त पदहरूले हामीलाई के सिकाउँदछ?**

हिब्रू भाषामा विश्राम भन्न जनाउन शाबथ (shabath) भन्ने शब्द यहाँ प्रयोग गरिएको छ। त्यो शब्द शाबथसँग नजिकको सम्बन्ध छ। त्यसको अर्थ यस संसार सृष्टि गर्ने काम रोकियो भनेर देखाउँछ। परमेश्वर आफै थाक्नुभएको होइन। उहाँलाई आराम वा विश्रामको आवश्यकता छैन। आफूले सृष्टि गर्नु पर्ने काम उहाँले सिध्याउनु भएर त्यस कामलाई रोक्नुभएको थियो। अनि सातौं दिन भनेर तोकिएर त्यस दिनमा परमेश्वरको विशेष आशिष खनेको पाइन्छ। उहाँले त्यस दिनलाई केवल "आशिष"मात्र दिनुभएन तर "पवित्र वा चोखो" पनि पार्नुभयो। त्यसको अर्थ सातौं दिनचाहिँ परमेश्वरको निम्ति छुट्याइएको थियो भनेको हो। परमेश्वर र मानिसको बीचमा भएको सम्बन्धलाई सम्मान गर्न त्यो दिन बनाउनुभएकोले त्यस दिनको अर्थ विशेष छ भनेर मान्नुपर्दछ।

**मर्कूस २:२७, २८मा उच्चारण गरिएको "मानिसको निम्ति शाबथ बनेको हो" भन्ने येशूको कथनले त्यस दिनको गरिमामयलाई कसरी देखाउन खोजिएको छ?**

ध्यान दिएर येशूको कथनलाई पढ्नुहोस्। परमेश्वरलाई आवश्यक भएकोले शाबथ दिएको हो भनेर येशूले भन्नुभएको छैन। मानिसको आवश्यकतालाई नै मध्यनजर राखेर त्यो दिन दिएको थियो। त्यो आवश्यकता परमेश्वरले नै पूरा गर्न सहयोग गर्नुहुन्छ। सृष्टिको पहिलो हप्ताको अन्तमा परमेश्वरले आफूले रचेका प्राणीहरूसँग सम्बन्ध राख्न आफ्नो सृष्टिको कामबाट विश्राम लिनुभएको थियो। यस अथाह जगतमा आफ्नो पहिचानलाई बुझ्न र सुदृढ पार्न आफ्नो सृष्टिकर्तासँगको सम्बन्ध जारि राख्नु पर्छ भनेर देखाइएको छ। परमेश्वरसँग कुराकानी गरेर उहाँले सृष्टि गर्नुभएको संसार देखेपछि आदम र हब्बा कस्तो हर्षले भावविभोर भए होलान्, त्यो हाम्रो कल्पनाभन्दा बाहिरको कुरो हो। पापपछि त शाबथको दिनमा उल्लेख गरिएको विश्रामको आत्मज्ञान झन स्पष्ट हुन आएको छ। परमेश्वरलाई नबिर्सौं भनेर शाबथ दिन हामीलाई चाहिएको छ। संसारको भौतिक सुविधा र सम्पन्नतामा मात्र बढि चासो देखाएर शरीरलाई आराम नदिएर दिनरात नखतुन् भनेर हामीहरूकै भलाइको निम्ति परमेश्वरले शाबथ दिन दिनुभएको हो।

**सृष्टिको कामलाई हामीले सम्झुन् भनेर हाम्रो जीवनको सातौं भागको एक भाग छुट्याउन परमेश्वरले नै निर्देशन दिनु हुन्छ। शाबथलाई पालन गर्नुको लक्ष्य कत्तिको महत्त्वपूर्ण रहेछ भनेर त्यसले हामीलाई कसरी बताउँछ? परमेश्वर आफैले विश्राम लिनुभएको शाबथ दिनलाई सोचेर त्यो दिनमा उहाँसँग गहिरो र मूल्यवान अनुभव राख्न तपाईंको सहभागिता कस्तो हुनुपर्दछ?**

## ५. वास्तविक दिन (उत्पत्ति १:५,८,३१)

**उत्पत्ति १:५,८,३१ पढ्नुहोस्। सृष्टिको दिनको विभिन्न भागहरू के हुन्? के त्यहाँ उल्लेख गरिएका दिनको बारेमा अहिले नै हामीले अनुभव गरिरहेका वास्तविक २४ घन्टा नभएर अरू कुनै काल्पनिक वर्ष वा युग भनेको हो भन्ने आभास हामीलाई दिइएको छ त?**

सृष्टि गरिन्दा तोकिएको दिनको स्वभावलाई लिएर मानिसहरूले विभिन्न तर्कहरू प्रस्तुत गरेको पाइएको छ। सृष्टिको दिन भनेको २४

घन्टा नभएर लामो समय हो भन्ने धारणा प्रचलित नभएको पनि होइन। तर त्यसप्रति सरासर असमर्थन जनाउन ती पदहरूले नै व्यक्त गर्दछन्। प्रत्येक दिनमा बेलुका अर्थात् अँध्यारो समय र विहान अर्थात् उज्यालो समय भएको देखाइएका छन्। फेरि दिनहरूलाई क्रमवद्ध रूपमा उल्लेख गरिएका छन्। अहिले नै हामीले अनुभव गरिरहेका दिन र रातलाई सृष्टिका दिनहरूमा पनि भएका थिए भनेर स्पष्ट पारेको छ। हस्रामा हुने दिन र रातको बारेमा व्यक्त गरिएको वर्णनलाई त्यो भन्दा अरू हुनसक्छ भन्ने धारणालाई पत्यार गर्नु मुश्किल नै छ। “बेलुका भयो, विहान भयो" (रूपान्तरित) भन्ने शब्दहरूले नै प्रत्येक दिन २४ घन्टाको वास्तविक दिन थियो भनेर बुझाउँछ।

**लैब्यब्यवस्था २३ः३मा भनिएको छः “छ दिनसम्म काम गर, सातौं दिन विश्राम मानिनेछ र त्यस दिन विशेष विश्रामको दिन, एक पवित्र सभाको दिन हुनेछ। त्यस दिन तिमीहरूले कुनै किसिमको काम नगर्नु। तिमीहरूको सब घरमा यस दिनलाई परमप्रभुको विश्राम दिन भनेर मान।" (रूपान्तरित)। अहिले नै हामीले अनुभव गरिरहेका दिनहरू पनि सृष्टिका दिनहरूका दिनहरू नै थिए भनेर उपरोक्त पदले कसरी स्पष्ट पारिएको छ?**

पौराणिक (न त आधुनिक) हिब्रू वा इस्रायलीहरूमा शाबथ दिनको बारेमा कुनै शङ्का भएको थिएन। त्यो दिन अरू जस्तै २४ घन्टाको दिन भएतापनि परमेश्वरले विशेष आशिष दिनुभएको दिन थियो भनेर तिनीहरूले मानेका थिए र मानिरहेका पनि छन्। कतिपय बाइबलका चिन्तकहरूले सृष्टिको दिनहरूलाई अक्षरस भनेर नमानेतापनि बाइबलका लेखकहरूले ती दिनहरू अक्षरस दिन थिए भनेर लेखेका भनेर प्रायजसो तिनीहरूले नै स्वीकार्दछन्।

**परमेश्वर र उहाँको वचनमाथि भरोसा राख्नु नै उहाँसँगको सम्बन्धमा निर्णायक भूमिका खेलाउनु हो। यदि उत्पत्तिको पुस्तकमा स्पष्टरूपसँग उल्लेख गरिएका अझरस छ दिनको बारेमा हामीले विश्वास गर्न सकेनौं भने बाइबलमा उल्लेख गरिएका परमेश्वरका अरू वचनहरूप्रति हामीले कसरी भरोसा राख्ने?**

## उपसंहारः

<u>थप जानकारीः</u> अन्धकारको समय वा बेलुका र उज्यालो समय अर्थात् बिहान भनेर जनाउँदै सृष्टिका हप्ता दिनहरूलाई गनिएका छन्। आज पनि हामीले अनुभव गरेका दिन रातको जस्तै ती दिनरातहरू पनि थिए भनेर विश्वास नगरि अरू नै गर्नुमा कुनै असल कारण छैन। कतिपयले भजन ९०:४ र २ पत्रुस ३:८लाई उदृध गरेर सृष्टिका दिनको अर्थ हजार वर्ष हुन् भनेर तर्क पेश गर्दछन्। ती पदहरूले सृष्टिका दिनलाई न त हजार वर्ष न त खरबौं वर्ष हुन् भनेर समर्थन् जनाएका छन्। यदि उत्पत्तिमा उल्लेख गरेका दिनहरू लामो समय वा युग हुन् रे ! यदि हुन् भने ती दिनको अनुसार फसिल अर्थात् ढुङ्गा भएका जीव वा अन्य जन्तुहरूको क्रम सृष्टिको दिनसँग मिल्नुपर्दथ्यो। उदाहरणमा सबभन्दा पहिले पाइने फसिलमा बोट बिरूवा हुनुपर्थ्यो, जुन सृष्टिको तेस्रो दिनमा सृष्टि भएका थिए। अनि अर्को फसिल पानी र आकाशका जन्तु र चराहरू हुनुपर्थ्यो। अनि मात्र जमिनमा हिंड्ने जनावरका फसिल पाइनु पर्थ्यो। तर फसिलको तहको बारेमा भेट्टाइएर लेखिएका लिखतमा त्यो क्रम भएको पाइन्दैन। जमिन खनेर भेट्टाइएका फसिलमा पहिला समुद्रका जनावरहरू भएको भेट्टाइएको छ भने त्यसपछि चरा भन्दा पहिले जमिनका जन्तुहरू पुरिएर पत्थर भएको भेट्टाइएको छ। जीव जन्तुहरू पत्थर भएको भेट्टाएपछि मात्र बोट बिरूवाहरू पत्थर भएका भेट्टाइएका छन्। अनि त्यसमा सबभन्दा माथि मानिस जाति पत्थर भएको देखाइएको छ।

" पवित्र बाइबलमा सृष्टिको बारेमा क्रमवद्ध रूपमा उल्लेख गरिएका प्रत्येक दिन र रात अरू दिन र रात जस्तै हो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ११२बाट रूपान्तरित।

"कतिपय अविश्वासीहरूले यो तर्क गर्दछन् कि सृष्टिको प्रथम् हप्ता भनेको लामो समय लिएर सात दिन भएको हो। यो तर्कले दश आज्ञामा उल्लेखित चौठौं आज्ञा जुन् शाबथ दिन हो, त्यसको जगलाई नै हल्लाउन खोजेको हुन्छ। परमेश्वरले स्पष्ट रूपमा गर्नु भएको कामले त्यस्ता काल्पनिक तर्कले अन्यौलता छाइदिन्छ। छ दिनको सृष्टिको

समय काल खरबौं दिन भनेर विश्वास गर्नु नै परमेश्वरप्रति अविश्वासलाई चर्को रूपमा प्रस्तुत गर्नु हो। परमेश्वरलाई विश्वास त गर्ने तर सृष्टिको अक्षरस दिनलाई विश्वास नगर्ने व्यक्तिले परमेश्वरमाथिको अविश्वासलाई लुकाएर राखी देखावटी रूपमा उहाँमाथि आस्था जनाउन खोजेको हुन्छ।"-एलेन जी ह्वाइट, *स्पिरिट्युल गीफ्टस्,* ठेली ३, पृ. ९१बाट रूपान्तरित।

**चिन्तनमननः**

**अ.** यदि तपाईंले सृष्टिका दिनहरू २४ घन्टाका दिनहरू हुन् भनेर विश्वास नगरेतापनि दुई वटा कुराहरू स्पष्ट भएको तपाईं पाउनुहुन्छः सृष्टिको काम भनेको कुनै आकस्मित भएर सम्पन्न भएको होइन। र सबै जन्तु जनावर वा जीवहरूको साझा पूर्खा छैन। विकासवाद सिद्धान्तका प्रवर्तक चार्ल्स डार्विनले त्यसको विपरित सिद्धान्त सिकाउँदछन्ः जीवन भनेको आकस्मित रूपमा देखापरेका हुन् र प्रत्येक जीवजीवातको साझा पूर्खा थिए। यस शिक्षालाई मध्य नजर राख्दै चार्ल्स डार्विनको दृष्टिकोणलाई उत्पत्तिको पुस्तकलाई मानिसले कसरी अर्थ लगाउन सक्दछ?

**आ.** विज्ञानलाई बुझ्नु किन महत्वपूर्ण छन् जुन कि असलै देखिन्छ यद्यपि त्यो मानविय उपज हो भनेर किन मान्नु पर्दछ?

**इ.** विज्ञानले जे अध्ययन गर्दछ त्यो पतित संसारको बारेमा गर्दछन। त्यो पतित संसार पाप प्रवेश गर्नु भन्दा अघिको संसार हो। त्यस सत्यतालाई बुझिराख्नु किन अत्यन्त जरूरी छ?